अनुसूची-२
(दफा ४ तथा अनुसूची-१ को भाग-१ सँग सम्बन्धित)

मोदी गाउँपालिका
**स्थानीय राजपत्र**

खण्ड-२, संख्या-१२, मिति-२०७५/१२/७

भाग-१
नेपालको संविधान बमोजिम मोदी गाउँसभाले बनाएको देहाय बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

## मोदी गाउँपालिका
## बालवालिकाको अधिकार व्यवस्थित गर्न बनेको ऐन

प्रस्तावनाः
मोदी गाउँपालिकालाई बालमैत्री गाउँको रुपमा स्थापित गराउने अभिप्रायले बालबालिकाको हकहितलाई प्रवद्र्धन गर्ने, घर,परिवार र समाजमा बालबालिका प्रतिको दृष्टिकोणलाई सामाजिक रुपमा बालअधिकार सम्वन्धी बिद्यमान सङ्घीय कानुन र नेपालले पक्ष राष्ट्रको हैसियतबाट अनुमोदन गरेका अन्तराष्ट्रिय महासन्धीको भावनाअनुरुप गरिने क्रियाकलापलाई व्यवस्थित रुपमा अघि वढाउनु गाउँपालिकाको महत्वपूर्ण कार्य हो भन्ने तथ्यलाई दृष्टिगत गर्दै बालअधिकारका क्षेत्रमा देखिएका प्रतिकुल अवस्थालाई आधार मानेर स्थानीयतहमा बालबालिकाको हकहितलाई संरक्षण गर्ने, आवश्यकतालाई पहिचान गर्ने, सम्वद्ध क्षेत्रको समस्यालाई न्यूनीकरण गर्दै जानु स्थानीय सरकारको मूलभूत कर्तव्य समेत हुदाँ बालअधिकार संरक्षणका क्षेत्रमा देखिएका चूनौतिहरुलाई सहि ढंगले सम्वोधन गर्न आवश्यकता महसुस गरी मोदी गाउँपालिकाको गाउँ सभावाट प्रस्तुत बालबालिकाको अधिकार व्यवस्थित गर्ने ऐन २०७५ बनाई जारी गरिएको छ ।

### परिच्छेद १
### प्रारंम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः
(१) यस ऐनको नाम **बालबालिकाको अधिकार व्यवस्थित गर्ने ऐन २०७५** रहने छ ।
(२) यो ऐन गाउँ सभाबाट स्वीकृत भई स्थानीय राजपत्रमा प्रकाशित भए पश्चात लागू हुनेछ ।
२. परिभाषाः विषय वा प्रसंङ्गले अर्को अर्थ नलागेमा यस ऐनमाः
(क) "बालअधिकार" भन्नाले यस ऐनको दफामा व्यवस्थित बालबालिकाको अधिकारलाई जनाउँछ ।
(ख) "महासन्धी" भन्नाले बालअधिकार सम्वन्धी अन्तराष्ट्रिय महासन्धी सन १९८९ लाई जनाउँछ ।
(ग) "समिति" भन्नाले ऐनको दफा ३ (१) बमोजिम गठिंत समितिलाई जनाउँछ ।
(घ) "संरक्षण अधिकारी" भन्नाले ऐनको दफा ३ (२) बमोजिम गठित समितिको प्रमुख भै काम गर्ने अधिकारीलाई जनाउँछ

## परिच्छेद २
## बालसंरक्षण समिति सम्वन्धी व्यवस्था

३. बाल संरक्षण समितिको गठन तथा कार्य संचालन विधिः

(१) मोदी गाउँपालिकामा देहाय वमोजिमको एक बाल संरक्षण समिति रहनेछ ।

| | | |
|---|---|---|
| (क) | गाउँपालिका अध्यक्षले तोकेको वडाअध्यक्ष | संयोजक |
| (ख) | सामाजिक विकास समितिको एकजना प्रतिनिधि | सदस्य |
| (ग) | बालअधिकारको क्षेत्रमा काम गर्ने गैर सरकारी संस्थाको प्रतिनिधि | सदस्य |
| (घ) | गाउँपालिका क्षेत्रभित्र गठित बाल सञ्जालको प्रतिनिधि | सदस्य |
| (ङ) | गाउँपालिकाको बालबालिका सम्वन्धित शाखाको प्रमुख | सदस्य-सचिव |

(२) बाल संरक्षण अधिकारी सम्वन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

४. बाल संरक्षण समितिको काम, कर्तव्य र अधिकारः

(क) बालबालिकाको हकहित संरक्षण सम्वन्धी योजनाको तर्जुमा गरी कार्यपालिकामा पेश गर्ने ।

(ख) संघीय कानुन अनुसार स्वीकृत बालअधिकार सम्वन्धी शिक्षा नीतिका कार्यक्रमहरु तयार गर्ने ।

(ग) उपदफा (क) र (ख) मा उल्लेख गरिएका योजना र कार्यक्रमहरुलाई लागु गर्न आवश्यक संयन्त्र तयार गर्ने ।

(घ) बाल अधिकारको क्षेत्रमा कार्यरत गैरसरकारी संस्थाहरुको अभिलेख राख्ने, अनुगमन र नियमन गर्ने ।

५. बाल संरक्षण समितिको कार्यकालः

दफा ४ बमोजिमको समितिको कार्यकाल गठंन भएका मितिले दुई बर्षको हुनेछ ।

६. नियम बनाउने अधिकारः

(क) यस ऐनको उद्देश्य कार्यान्वयन गर्न आवश्यक नियमावली बनाउने अधिकार कार्यपालिकालाई हुनेछ

(ख) यस अगाडि बनेका नियमावली, कार्यविधि र निर्देशिका यसै ऐन बमोजिम बनेको मानिनेछ ।

७. वाधा अडकाउ फुकाउने अधिकारः

(क) यस ऐनको उद्देश्य कार्यान्वयन गर्दा वाधा अड्काउ परेमा वाधा अड्काउ फुकाउने अधिकार कार्यपालिकामा हुनेछ ।

प्रमाणीकरण मितिः२०७५।१२।७

आज्ञाले
कुमान सिंह गुरुङ
प्रमुख प्रशासकीय अधिकृत